This question paper consists of **32** questions and **8** printed pages]

**Roll No.** | | | | | | | | | | | |  **कोड नं. 40/S/A/N**

# नेपाली

# Nepali

# (231)

Day and Date of Examination ....................................................................................

Signature of Invigilators 1. ..................................................................................

2. ..................................................................................

..........................................................................................................................

**सामान्य अनुदेश :—**

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्न पर्नेछ ।
2. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ । प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस । प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस् ।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन ।
5. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ ।
6. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. **40/S/A/N** लेख्नुहोस् ।

# नेपाली

# (231)

**समय : 3 घण्टा** **पूर्णाङ्क : 100**

**निर्देश :**– 1. **सबै** प्रश्नको उत्तर अनिवार्य छ ।

2. **सबै** प्रश्नहरू ध्यानपूर्वक पढनुहोस् अनि उत्तर दिनुहोस् ।

3. प्रश्न सङ्ख्या 1 देखि 11 सम्मका चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तर आफ्नो उत्तर–पुस्तिकामा लेख्नुहोस् ।

**1.** भानुभक्तले आरम्भ गरेको रामनामको काव्यलाई अझ अघि बढाउने कवि को थिए ? 1

(A) रघुनाथ (B) वसन्त

(C) मोतीराम (D) यदुनाथ

**2.** 'गोरखाली जाति' कवितामा कविले किन चित्त दुखाएका छन् ? 1

(A) आफ्नो जातिका उत्थान हुन सकेन भनी

(B) अर्को जातिका विकास हुन सकेन भनी

(C) आफ्नो जातिका पतन हुन सकेन भनी

(D) अर्को जातिका पतन हुन सकेन भनी

**3.** 'नासो' कथा कति भागमा छ ? 1

(A) चार (B) पाँच

(C) छः (D) सात

4. तेन्जिङ शेर्पाको जन्म भयो : 1

(A) सन् 1914 मा (B) सन् 1915 मा

(C) सन् 1916 मा (D) सन् 1917 मा

5. 'तेस्रो आँखा लाइदिए' भन्नुको अर्थ हो : 1

(A) आफ्नोलाई लाउने आँखा (B) शिवजीलाई आँखा लाउने आँखा

(C) अर्कालाई आँखा लाउने आँखा (D) देवताहरूलाई आँखा लाउने आँखा

6. 'मस्तिष्कमा विषादपूर्ण विचार आउन थाल्यो'' को उपयुक्त आशय हो : 1

(A) रमाइलो कुरा सम्झनु (B) बितेका घटना सम्झनु

(C) भानिषको कुरा सम्झनु (D) न रमाइलो र उदासी भावना आउनु

7. ''सम्झाउँदा सम्झाउँदा मेरो मुख दुखि सक्यो, तर न जाने यसलाई के भएको छ'' – यो वाक्य कसले भने ? 1

(A) सुखवीर (B) हरिबाजे

(C) प्रदीप (D) प्रदीपको साथी

8. भौतिक सम्पत्तिले मानिसलाई के बनाउँछ ? 1

(A) सम्वेदनशील (B) आशुकवि

(C) निष्क्रिय (D) सक्रिय

9. 'उत्तरतिर कंस करायो' कवितामा 'कंस' को प्रतीकार्थ के हो ? 1

(A) कृष्णको मामा (B) देवकीको भाई

(C) प्रताप (D) चीन

**10.** शब्दशक्ति कति प्रकारका हुन्छन् ? 1

(A) दुइ (B) तीन

(C) चार (D) पाँच

**11.** निम्नलिखित कुन अङ्ग अनुच्छेद लेखनको निम्ति आवश्यक छ ? 1

(A) विषयको सविस्तार वर्णन (B) विषयको सङ्क्षिप्त वर्णन

(C) विषयमाथि टिप्पणी (D) विषयबाट हटेर लेख्नु

**12.** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढ़ी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

गाना नहुनु मुर्दापनको सच्चा लक्षण हो। जीवन न खानुमा, न पिउनुमा छ, छ खाली लयदार सङ्गीतमा । रुधिर हजार कोटी नाला बनेर गीत गाइरहेन्छ। मुटुको लय छोडे स्वास्थ्य विग्रिन्छ। यो 'लबढबी' तबलाका तालमा चल्नु नै जीवन हो। नशाहरू बज्नुनै भाषा हो। परमेश्वर मुटुको केन्द्रतिरबाट आभासिले लयवान ज्योतिलहर झैं हरहमेशा सञ्चालित रहेछन् र त्यसलाई हामी जीवनको ज्योति या जीवनध्वनि भन्ने नाम दिन्छौ। यी नशा बज्न छोडेपछि मानिस मुर्दा हुन्छ। फूलका शिराहरू पनि सङ्गीतवाटै बनेका मृदुलका नमूनाहरू हुन्। त्यहाँ पनि ग्रन्थ लाय-चित्र कराइ रहन्छ। ढुङ्गाहरू बोल्दछन् र साँच्चिकै-यदि हामीहरूले सहानुभौतिक श्रवण राख्यौ भने विश्वनादको विस्तारले चैतन्य प्रथम कामको स्पन्दले लहराएर लयदार गतिमा झिलिक्क-झुलुक्क देखाउँछ।

(*i*) गाना नहुनु केको लक्षण हो ? 1

(A) मुर्दापनको (B) जीवनको

(C) शून्यताको (D) खल्लोपनको

(*ii*) जीवन केमा छ ? 1

(A) खानुमा (B) पिउनुमा

(C) मोजमा (D) सङ्गीतमा

(*iii*) सङ्गीतको तालसङ्ग कसको तुलना गर्नु हुन्छ ? 1

(*iv*) स्वास्थ्य कसरी बिग्रिन्छ ? 1

(*v*) जीवनको ज्योति भनेको के हो ? 1

(*vi*) उक्त गद्यांशको सार लेख्नुहोस् । 3

(*vii*) सङ्गीत र प्रकृतिको सम्बन्ध स्पष्ट गर्नुहोस् । 3

(*viii*) 'ढुङ्गाहरू बोल्दछन्' को आशय स्पष्ट गर्नुहोस् । 3

**13.** निम्नलिखित पद्यांशलाई ध्यानपूर्वक पढी सोधिएका प्रश्नहरूका उत्तर लेख्नुहोस् :

तिम्रो हात एउटा चिट्ठी पठाउँछु
तिमीले त्यसलाई
तिमीलाई मन परेको ठाँउमा
अणुबम जस्तै त्यो खसालिदिनू
विस्फोट होस् शान्तिको मन्त्र सर्वत्र, कि कसो भन्छौ ?
किनभने
भोकमात्र उम्रिने ठाउँमा
अलिकति न्याय उम्रिन सकोस्।

(*i*) उपर्युक्त पद्यांशको उद्देश्य के हो ? 2

(*ii*) उपर्युक्त पद्यांश कुन कविताको अंतर्गत हो ? 1

(A) आदिकालीन कविता

(B) मध्यकालीन कविता

(C) शृंगारिक कविता

(D) आधुनिक कविता

(*iii*) कविले भोका-नाङ्गाहरूको चित्रण कसरी गरेका छन् ? 2

(*iv*) उपर्युक्त पद्यांशको भाव स्पष्ट गर्नुहोस्। 2

**14.** 'नासो' कथामा जम्मा कति पात्र-पात्रा छन् ? 1

**15.** बीजु कुन कथाको पात्र हो ? 1

**16.** "बडाले जो गऱ्यो काम, हुन्छ त्यो सर्वसम्मत।" बडा कसलाई भनेको हो ? 1

**17.** 'एउटा चिट्ठी परेवालाई' शीर्षक कवितामा प्रयुक्त 'हिटलर' कसको प्रतीक हो ? 1

**18.** भाषाको परिभाषा लेख्नुहोस् । 2

**19.** संधि र समासमाझ पार्थक्य स्पष्ट गर्नुहोस् । 2

**20.** निम्नलिखित कुनै **दुइ** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस्— 2

प्रत्येक, मनोयोग, अन्तर्द्वन्द्व।

**21.** निम्नलिखित कुनै **दुइ** शब्दका **एक-एक** पर्यायवाची शब्द लेख्नुहोस् — 2

वन, आँखा, सागर।

**22.** निम्नलिखित कुनै **दुइ** वाग्धारालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : 4

कमर कस्नु, कुरा लाउनु, थाङ्नामा सुताउनु, कानमा तेल हाल्नु।

**23.** 'अनुच्छेद लेखन' को परिभाषा लेख्नुहोस् । 2

**24.** निम्नलिखित कुनै **दुइ** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 2

चोखो, हर्ष, स्वर्ग।

**25.** निम्नलिखित वाक्यहरूलाई शुद्ध गरी लेख्नुहोस् : 5

म बाहिर निस्कियोर हेरेँ, शुक्र पश्चिम आकाशमाथि टिलपिल गरि रहेथ्यो। मैले सरासर धर्मशालातिर लागेँ। धर्मशाला बाहिर धेरै अन्धकार थियो।

**26.** निम्नलिखित वाक्यहरूमा उपयुक्त चिह्न प्रयोग गर्नुहोस् : 5

यो कुरा झूठो हो सानोभाइ करायो मजदूरहरूले किन काम गरेनन् बीस केजी पत्ती ठिका बढाएर चौबीस केजी मलाई भन्न देऊ न पहिले म्यानेजर साहेबले भने

**27.** 'शहीदहरूको सम्झनामा' कविताको सारांश लेख्नुहोस्। 5

**28.** 'त्रिकोण' नाटकको प्रदीपका चरित्र-चित्रण गर्नुहोस्। 5

**29.** निम्नलिखित कुनै **एक** विषयमाथि **10-12** पङ्क्तिभित्र एक अनुच्छेद लेख्नुहोस् : 5

(क) प्रकृतिनै जीवनको आधार हो

(ख) समयको महत्व।

**30.** जीवनमा खेलकुदको महत्व बताउँदा छात्रावासमा बस्ने भाइलाई एउटा पत्र लेख्नुहोस्। 8

**अथवा**

आफ्नो प्रिय साहित्यिकको हालै प्रकाशित किताबवारे परिचय दिँदै मित्रलाई पत्र लेख्नुहोस्।

**31.** एउटा कोलोनीमा 800 मानिस रहने गर्छन् । यसमध्ये 400 जना मानिसहरू नौकरी गर्छन्, 200 जना आफ्नै व्यवसाय गर्छन्, 100 जना साना साना पसल चलाउछन् अनि रहल दैनिक खेताला छन् । यस विभाजनलाई पाई-चार्ट-मा प्रदर्शित गर्नुहोस् । 5

**32.** निम्नलिखित कुनै **एक** विषयमाथि लगभग **200** शब्दभित्र निबन्ध लेख्नुहोस् : 10

(क) भारतीय जनजीवन;

(ख) नेपाली तीज-त्योहार;

(ग) सांस्कृतिक प्रदूषण र भारत;

(घ) यदि म प्रधानमन्त्री भए।